## जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८

विश्व व्यापार सङ्गठन र विश्व पशु स्वास्थ्य सङ्गठनले तोकेका विधि तथा प्रक्रिया लगायतका प्रावधानहरूको पालना गर्दै मुलुक भित्रका तोकिएका क्षेत्र वा स्थानका पशुमा रोग विशेषको रोकथाम तथा नियन्त्रण वा निवारण वा उन्मूलन गरी स्वस्थ पशु, स्वच्छ पशुजन्य पदार्थको उत्पादन र गुणस्तरीय पशु उत्पादन सामाग्रीको प्रमाणीकरण सहित निर्यात सुनिश्चित गर्न पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २२क बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ।

(ख) "कम्पार्टमेन्ट" भन्नाले कम्पार्टमेन्टलाइजेसन्को प्रक्रिया अपनाई निर्धारण गरिएको पशुको फार्म वा वथान वा जलाशय सम्झनु पर्छ।

(ग) "कम्पार्टमेन्टलाइजेसन" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि पशुपालनका असल अभ्यास तथा जैविक सुरक्षाका विधि अवलम्बन गराइ मुलुक भित्रका कुनै स्थानमा पहिचान गरिएको पशुको फार्म वा वथान वा जलाशयमा रोग विशेषको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ।

(घ) "जोन" भन्नाले जोनिङ्गको प्रक्रिया अपनाई मन्त्रालयले तोकेको चार किल्ला भित्रको क्षेत्रलाई सम्झनु पर्छ।

(ङ) "जोनिङ्ग" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि मुलुकभित्र प्राकृतिक वा राजनीतिक वा कानूनी आधारमा रेखाङ्कित गरिएको कुनै भौगोलिक क्षेत्रका पशुमा रोग विशेषको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(च) "दर्तावाल पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका पशु चिकित्सक सम्झनु पर्छ।

(छ) "पशु" भन्नाले ऐनको दफा २ को खण्ड (क) मा उल्लेख भए बमोजिम पशु, पन्छी र माछा समेतलाई सम्झनु पर्छ।

(ज) "पशु उत्पादन सामाग्री" भन्नाले ऐनको दफा २ को खण्ड (ग) मा उल्लेख भए बमोजिमका सामग्री सम्झनु पर्छ।

(झ) "पशुजन्य पदार्थ" भन्नाले ऐनको दफा २ को खण्ड (ख) मा उल्लेख भए बमोजिमका वस्तु सम्झनु पर्छ।

(ञ) "पशुपालनका असल अभ्यास" भन्नाले पशु स्वास्थ्य, पशु प्रजनन्, पशु आहारा, पशु कल्याणका मार्गदर्शक सिद्धान्तहरूको अवलम्बन गरी स्वस्थ पशु र स्वच्छ पशुजन्य पदार्थ उत्पादन गर्ने, गराउने अभ्यास सम्झनु पर्छ।